

Sunsari District
Proposed Local Level Restructuring of Sunsari District
Dhankuta
Udaypur
Saptari
India
Morang
Dharan UpaMaha N.P
Center: Dharan
BARAHA N.P
Center: Chakraghatti
Ramdhuni N.P
Center: Jhumka
Itahari UpaMaha N.P
Center: Itahari
Koshi Tappu Wildlife Reserve
Center: Inaruwa
Inaruwa N.P
Center: Chirauli Chowk
Bhokraha G.P
Center: Laukahi
Koshi G.P
Gadhimai G.P
Center: Aurabani
Center: Duhabi
Duhabi N.P
Center: Harinagara
Harinagara G.P
Center: Dewanganj
Dewanganj G.P
Center: Amahibela
Barju G.P
N
Nepal
Legend
SUNSARI
Legend
N.P = Nagarpalika
G.P = Gaupalika
GP, NP Boundry
District Boundry
Source: Department Of Survey, LLRC, MoFALD
Prepared by: DIDC / DDC Sunsari
© DDC Sunsari
0
3.5
7
14 Kilometers

# विषय सूची


१. प्रस्तावना ..........................................................................................................१.

२. खण्ड १ नाम र परिभाषा

२.१ यो बालअधिकार सम्बन्धी नीतिको नाम ................................................................१

३.परिभाषा ..............................................................................................................१

३.१ लक्ष्य र उद्देश्य ....................................................................................................२.

३.१.१ लक्ष्य ..............................................................................................................२

३.१.२ उद्देश्य ............................................................................................................२

३.२ यस सम्बन्धी कागजातहरू.......................................................................................२

३.३ लागू हुने क्षेत्रहरू .................................................................................................२

३.४ सिद्धान्तहरू .......................................................................................................२

खण्ड २

**बाल अधिकारको अवस्था र विगतमा गरेको प्रयास तथा स्थानीय सवाल, चुनौती र अवसरहरू**

४. बाल अधिकार सम्बन्धमा नगरपालिकाको अवस्था र विगतमा गरेको प्रयास .............................................३

**५.बाल अधिकारका स्थानीय सवाल, चुनौती तथा अबसरहरू**

५.१ स्थानीय सवाल, चुनौतीहरू ..........................................................................................४

५.२ अवसरहरू ..............................................................................................................४

## खण्ड तीन

**नीतिको आवश्यकता, नीति, रणनीति तथा कार्यनीतिहरू :**

६. **नीतिको आवश्यकता...................................................................................................५**

**७.नीतिहरू .................................................................................................................५**

७.१ बाल बचाउ सम्बन्धी नीतिहरू .......................................................................................५

७.२ बाल संरक्षण सम्बन्धी नीतिहरू .....................................................................................८

७.३. बाल विकास सम्बन्धी नीतिहरू .....................................................................................९

७.४ बाल सहभागिता सम्बन्धी नीतिहरू ................................................................................११

७.५ संस्थागत विकास सम्बन्धी नीतिहरू ..............................................................................१३

खण्ड चार

गुनासो सुनवाइ संयन्त्र, संस्थागत व्यवस्था, क्षमता विकास तथा भूमिका एवम् कार्यान्वयन प्रकृया

**८.गुनासो सुनुवाइ कमिटी ...............................................................................................१३**

**९ गुनासो सुनुवाइ प्रक्रिया** ..........................................................................................१३

**१०. संस्थागत व्यवस्था र क्षमता विकास ..... ...................................................................१३**

**११. आचार संहिता बनाई लागु गर्ने ..................................................................................१३**

**खण्ड पाँच**

**अनुगमन र पुनरावलोकन**

**१२. अनुगमन र मूल्याङ्कन .................................................................................................१४**

**१३.नीतिको पुनरावलोकन र सुधार ......................................................................................१४**

**१४. खारेजी र बचाउ..........................................................................................................१४**

१. बालबालिकाको सर्वोत्तम हितको सिद्धान्त
२. बालबालिकलाई कुनै पनि किसिमको भेदभाव वा हानीबाट संरक्षण प्रदान गर्ने सिद्धान्त
३. बाल संरक्षणको जोखिम न्यूनीकरणको सिद्धान्त
४. बालबालिका उपर दुर्व्यवहार र हिंसाकर्ताउपर शून्य सहनशीलताको सिद्धान्त

# खण्ड दुई

## बाल अधिकार सम्बन्धमा रामधुनी नगरपालिकाको अवस्था र विगतको प्रयास

४. बाल अधिकार सम्बन्धमा रामधुनी नगरपालिकामा समावेस भएका साविकका गाउँ विकास समितिहरूमा नै बाल अधिकारको क्षेत्रमा विभिन्न प्रयासहरू भइरहेको पाइएको छ । ती प्रयासहरू निम्न निम्नानुसार रहेका छन् ।

- समावेश भएका चारवटा गाविसहरू (भादगाउँ सिनवारी, सिंगिया, बकलौरी र डुम्राहा) मध्ये भादगाउँ सिनुवारी गाउँ विकास समिति (भासि) मा तत्कालिन जिल्ला विकास समिति सुनसरीको नेतृत्वमा २०६८ पौष १२ गतेका दिन बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बन, कार्यान्वयन तथा घोषणा सम्बन्धी अभिमुखीकरण गरी तत्कालीन गाविस सचिव तथा कार्यकारी अध्यक्ष श्री गणेशबहादुर श्रेष्ठको अध्यक्षतामा बालमैत्री स्थानीय शासन गाउँ समिति गठन गरी बालमैत्री गाउँ बानाउने प्रतिबद्धता सहित बालमैत्री अभियान शुरु गरिएको पाइन्छ ।
- बालमैत्री स्थानीय शासनको राष्ट्रिय सूचकहरूको वारेमा जानकारी दिने उद्देश्यले मिति २०६९।०८।२० र २१ गते सबै सरोकारबालाहरूलाई अभिमुखीकरण कार्यक्रम भएको थियो ।
- सबै वडाहरूमा विद्यालय तथा समुदाय स्तरीय बाल क्लब र प्रत्येक वडामा वडा बाल सञ्जाल तथा गाविस स्तरका बाल सञ्जाल गठन पचािलन भएको तथा गाउँपरिषदबाट १५ प्रतिशत वजेट विनियोजन भएको थियो।
- वि.सं.२०७० जेठ १३ र १४ गते बालमैत्री स्थानीय शासनको सूचकहरूलाई स्थानीयकरण र सरलीकरण कार्यशाला सम्पन्न भएको थियो ।
- बालमैत्री अनुगमण नियमित भई निरन्तरताको लागि प्रत्येक घरघरमा सेवा परिचय पत्र लागू गरिएको थियो । सेवा परिचय पत्रमा बालमैत्री सूचक पुरा गरेको नगरेको सूचना राखिएकोले सेवा लिन आउँदा अनिवार्य रूपमा लिएर आउनु पर्ने व्यवस्था गरिएको थियो । सबै, बाल क्लबहरूलाई जिल्ला बालकल्याण समितिमा आवद्धता गराइएको थियो ।
- २०६९ सालमा खुला दिसामुक्त गाविस घोषणा गरिएको थियो । २०७० सालमा बालबालिकाको वस्तुस्थिति विवरण तयार गर्ने, अवधिक योजना र एकीकृत योजना तर्जुमा, स्थानीय लगानी योजना, बाल संरक्षण नीति तर्जुमा गरिएको थियो।
- २०७१मा बालबालिका सम्वन्धी स्थितिपत्र तयारी, बालबालिकाको अर्थपूर्ण सहभागिता जुटाउने, बालबालिकाको लागि लगानी योजना तयार गर्ने, प्रोफाइल अद्यावधिक र प्रकाशन गर्ने, अचार सहिता तयार गर्ने लगायतको कार्यहरू भएको थियो ।
- २०७२ सालको सम्ममा बालमैत्री गाविस घोषणा गर्ने लक्ष्य रहेको थियो। तर २०७१ मंसिर १६ गते भासि (भादगाउँ सिनुवारी) र सिगिंया गाविसलाई मिलाएर रामधुनी भासि नगरपालिका नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट घोषणा भएकोले बालमैत्री गाविस घोषित हुन नसकेको थियो ।
- मिति २०७२।११।१५ गते बालमैत्री स्थानीय शासन अबलम्बन तथा घोषणा सम्बन्धीको अभिमुखीकरण गोष्ठी सम्पन्न गरी तत्कालीन कार्यकारी प्रमुख श्री प्रमोदकुमार चौधरीको अध्यक्षतामा बालमैत्री स्थानीय शासन समिति गठन भएको थियो । तत् पश्चायत बालमैत्री सम्पर्क व्यक्तिको रूपमा योजना शाखा प्रमुख श्री हर्षलाल चौधरीलाई तोकिएको छ।
- नेपालको पहिलो बालमैत्री गाविस प्रगति नगरमा यहाँका प्रतिनिधिहरूबाट अवलोकन भ्रमण गरियो । १० वटै वडाहरूमा वाडा स्तरीय बालमैत्री स्थानीय शासन अबलम्बन तथा घोषणा सम्बन्धी अभिमुखीकरण

सम्पन्न गरी वडा सचिवहरूको अध्यक्षतामा बालमैत्री स्थानीय शासन वडा समितिहरूको गठन भएको थियो ।

- वि.सं २०७३ मा निश्चित सूचक तथा मापदण्डको आधारमा बालबालिकाको बस्तुगत विवरण, बालबालिकाको लागि रणनीतिक योजना, नगरको आवधिक योजना लगायतको कार्यहरू सञ्चालन भएको । वि.सं २०७३ चैत्र २७ गते बक्लौरी र डुम्राहा गाविसलाई मिलाएर रामधुनी भासिबाट रामधुनी नगरपालिका घोषणा भएको थियो ।
- वि.सं.२०७४को निवार्चनपछि निर्वाचित जनप्रतिनिधिहरूको बहाली पश्चात वि.सं २०७५ मंसिर २८ गते बालमैत्री स्थानीय शासन अबलम्बन तथा घोषणा सम्बन्धी अभिमुखीकरण सम्पन्न भएको थियो ।
- नगर प्रमुख श्री जयप्रकाश चौधरीज्यूको अध्यक्षतामा १३ सदस्यीय बालमैत्री स्थानीय शासन समिति गठन, बालमैत्री नगर घोषणाको सामूहिक प्रतिबद्धता जाहेर भई २४ बुँदे नतिजामुखी कार्ययोजना तयारी भएको । उक्त कार्ययोजनालाई वि.सं. २०७५ पौष ६ गते कार्यपालिकाको बैठकले पारित गरेको थियो ।
- वि.सं. २०७५ पोष २६ गतेको कार्यपालिकाको बैठकबाट योजना शाखा प्रमुख श्री हर्षलाल चौधरीलाई बालमैत्री सम्पर्क व्यक्ति र नगरपालिकाका कर्मचारी श्री रविन ठाकुरलाई बालमैत्री नगर सहजकर्ता तोकी बालमैत्री स्थानीय शासन ईकाइ गठन गरिएको थियो ।
- वि.सं. २०७५ पाल्गुण १३ गतेदेखि २५ गतेसम्म नौवटै वडाहरूमा वडा स्तरीय बालमैत्री स्थानीय शासन अबलम्बन तथा घोषणा सम्बन्धी अभिमुखीकरण सम्पन्न भई वडा अध्यक्षको अध्यक्षतामा बालमैत्री स्थानीय शासन वडा समिति र वडा सदस्यको अध्यक्षतामा वडा बाल अधिकार उपसमिति र नगर उपप्रमुखको अध्यक्षतामा नगर बालअधिकार सम्बन्धी सम्बर्द्धन उपसमिति गठन भएको थियो ।
- बाल समूहहरूको गठन पुनर्गठन, बालमैत्री सूचकको सरलीकरण तथा बालमैत्री आचार सहिंताको निर्माण, बालमैत्री स्थानीय शासनको कागजाद व्यवस्थापन गर्न कार्यशाला गोष्ठी, सूचकहरूको अवस्थाको नियमित अनुगमन, प्रत्येक वडाको सूचकको अवस्था मापन तथा लगानी योजना निर्माण, समुदाय टोल र विद्यालय स्तरीय अभिमुखीकरण कार्यहरू सम्पन्न भई वडा नं. २ र ५ लाई बालमैत्री वडा घोषणा गर्ने कार्य सम्पन्न भएको छ ।
- नतिजामुखी कार्ययोजना अनुसार वि.सं. २०७७ फाल्गुण मसान्तसम्ममा बाँकी सबै वडाहरूलाई बालमैत्री वडा बनाई वि.सं. २०७७ चैत्र मसान्तसम्ममा नगरलाई बालमैत्री नगर बनाउने योजना रहेको छ ।

## ५.बाल अधिकारका सवाल, चुनौती तथा अबसरहरू

### ५.१ सवाल र चुनौतीहरू

क) बाल विवाह पूर्ण रूपमा न्यूनीकरण हुन नसकेको ।
ख) बालश्रम पूर्ण रूपमा न्यूनीकरण हुन नसकेको ।
ग) सबै सरोकारबालाहरूको सहयोग हुन नसकिरहेको अवस्था विद्यमान छ ।
घ) बालबालिकाप्रति वयस्कहरू जिम्मेवार नरहेको ।
ङ) योजना तर्जुमाबाट बालबालिकाको सवालमा बजेट विनियोजन गर्न नसकिएको ।
च) शुद्ध सफा खानेपानीको पहुँचमा अपेक्षकृत रूपमा बृद्धि हुन नसकेको ।
छ) अधिकांश बालबालिकामा पोषणयुक्त खानाको पहुँच नहुनु ।
ज) मोबाइल फोन तथा अन्य विद्युतीय उपकरणको अनावश्यक प्रयोग ।
झ) बालबालिकाका अभिभावकहरूको परम्परागत सोचमा सुधार ल्याउन नसकेको ।
ञ) नगरपालिकाको स्वास्थ्य संस्थाहरूमा बर्थिङ्ग सेन्टर भएको तर उपयोगमा आउन नसकेको ।
ट) नगरको प्रत्येक वडाहरूमा बालमैत्री अभिमुखीकरणहरू भएको तर अझै कतिपय अभिभावकहरूमा बालमैत्री अवधारणाको बारेमा जानकारी नभएको ।
ठ) विकास निर्माणलाई बालमैत्री अवधारणसँग जोड्न नसकिएको ।

### ५.२ अवसरहरू

२. विद्यालयको अतिरिक्त क्रियाकलाप सम्बनधी वार्षिक कार्यतालिका विव्यसबाट पास गराउने ।
३. अतिरिक्त क्रियाकलाप सञ्चालनको लागि बालकोषको स्थापना गर्ने ।
४. बाल पुस्तकालयको व्यवस्था गर्ने ।
५. प्रत्येक विद्यार्थीले दैनिक गर्ने गतिविधिको समय सारणी तयारी गर्ने ।
६. अतिरिक्त क्रियाकलापको अभिलेख दुरुस्त राख्ने ।
७. बाल भितेपत्रिका प्रकाशन तालिम सञ्चालन गर्ने ।
८. बाल उद्यान नीर्माण गर्ने ।
९. जीवन उपयोगी शिप दिने ।
१०.वडा, नगर, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुद तथा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्ने ।
११. विद्यालयमा मोबाइल फोन प्रयोग निषेध गर्ने ।

बाल सहभागिता सम्बन्धी नीतिहरू :

**नीति नं. १९ निर्णय प्रक्रियामा १२ देखि १८ वर्ष उमेरका बालबालिकाको संस्थागत सहभागिताको संयन्त्र विकास गर्ने ।**

**१९.१ रणनीति :**

१. निर्णय प्रकृयामा संस्थागत बाल सहभागिता गराउने ।
२. संस्थागत सहभागिताको लागि बाल समूह तथा बाल समूह सञ्जालको विकास गर्ने ।
३. स्थानीय तहले सञ्चालन गर्ने योजनामा बालबालिकाको आबाज समेटिएको हुने ।
४. विद्यालय व्यवस्थापन समिति र स्वास्थय समितिमा बाल समूहको प्रतिनिधित्व गराउने ।
५. बालमैत्री स्थानीय शासन समिति गठन भई नियमित बैठक बस्ने ।
६. बाल अधिकार समति गठन भई नियमित बैठक बस्ने ।

**१९.२ कार्यनीति :**

१. वडा तथा नगरपालिकाको बैठकद्वारा बाल सहभागिता गराउने क्षेत्रहरू तोकी निर्णय गर्ने ।
२. वडा तथा नगरको योजना छनौट प्रकृयामा एक बालिका र एक बालकको अर्थपूर्ण सहभागिता गराउने ।
३. प्रत्येक वडामा बाल प्रतिनिधिहरूको बार्षिक बालभेला गरी योजना तर्जुमा गर्ने ।
४. वडा वडामा बालभेला सम्पन्न भए पश्चात नगर बालभेला गरी योजना तर्जुमा र प्राथमिकरण गर्ने ।
५. बालभेलाद्वारा प्राप्त भएको योजना योजना तर्जुमा समितिले आवधिक लगानी योजनामा समावेश गरी वडा सभा तथा नगर सभाबाट पारित गर्ने ।
६. विद्यालयमा आधारित बाल समूहको प्रतिनिधिलाई विव्यसको बैठकमा आमन्त्रित रूपमा सहभागी गराउने ।
७. स्वास्थ्य व्यबस्थापन समितिमा बाल समूहको प्रतिनिधित्व गराउने ।
८. बाल समूह तथा बाल समूह सञ्जालबाट बालबालिकाको संस्थागत आवाजको सुनवाई गर्ने ।
९. प्रत्येक वडामा बाल समूहहरू सूचीकुत गर्ने ।
१०. बाल समूहको सदस्यहरूको पहिचानको लागि परिचय पत्र वनाउने ।
११. नगरपालिका र वडा तहम बाल समूह सञ्जाल गठन गर्ने र तिनीहरू नगरपालिकामा सूचीकृत गर्ने।
१२. बालमैत्री स्थानीय शासन समिति र बाल अधिकार समितिलाई क्षमता बिकासको तालिम दिने ।

**नीति नं. २० बाल अधिकारको क्षेत्रमा कामगर्दा समावेसिता, आदरपूर्णभाव र समानताको नीति अवलम्बन गरिने ।**

**२०.१ रणनीति :**

१. हरेक सेवा प्रदायकले बालबालिकाप्रति सम्मानपूर्वक व्यवहार गर्ने ।
२. आदिवासी जनजाति, दलित, सिमान्तकृत, मधेशी मुश्लिम, पिछडा बर्ग, अपाङ्ग बालबालिकाको अवसरमा पहुँच वृद्धि गर्ने ।

**२०.२ कार्यनीति :**

१. बाल समूह, सगरमाथा टिन्ज क्लब, जुनियर रेडक्रस सर्कल तथा बाल समूह सञ्जाल निर्माण गर्दा समावेशिताको सिद्धान्त अनुसार प्रतिनिधि छनोट गर्ने ।

२. बालबालिकाको बजेट विनियोजन हुदाँ पछाडि पारिएका समुदायका बालबालिकाको लागि बिशेष कार्यक्रमको व्यवस्था गर्ने ।
३. बालबालिकालाई सम्बोधन गर्दा आदरार्थी शब्द प्रयोग गर्ने ।

संस्थागत विकास सम्बन्धी नीतिहरू :

**नीति नं. २१ बालबालिकाको काम वा विषयलाई प्राथमिकता दिइने ।**

**२१.१ रणनीति :**

१. हरेक काम, असर, छलफल र सुनुवाइमा बालबालिकालाई पहिलो प्राथमिकतामा राखिने छ ।
२. प्रत्येक आर्थिक वर्षको मसान्त सम्ममा नगरपालिका र वडाको सभाहरू सम्पन्न गर्ने ।
३. सामाजिक विकास क्षेत्रको कुल बजेटको १० प्रतिशत रकम बालबालिकाको क्षेत्रमा विनियोजन गर्ने ।
४. योजना तर्जुमाको सात चरणहरू पुरा गर्ने ।

**२१.२ कार्यनीति :**

१. प्रत्येक आर्थिक बर्षको लागि असार मसान्त भित्र वडा र नगर सभा सम्पन्न गर्ने ।
२. सामाजिक विकास क्षेत्रको कुल बजेटको १० प्रतिशत रकम बालबालिकाको क्षेत्रमा विनियोजन गर्ने ।
३. बालकोषको स्थापना र कार्यविधि अनुसार व्यवस्थापन गर्ने ।
४. बालबालिकाको लागि बनेको कार्ययोजना वडाको योजनामा समावेश गर्ने ।
५. बालमैत्री शाखाको व्यवस्थापन गर्ने ।
६. वडा तथा नगर स्तरिय बालमैत्री सहजकर्ताको व्यवस्था गर्ने ।

**नीति नं. २२ बालबालिकाको हितमा कम गर्ने गरी आचार संहिताको तर्जुमा गरी लागू गर्ने ।**

**२२.१ रणनीति :**

१. बालबालिका, जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यालय व्यवस्थान समिति, अभिभावक, शिक्षक तथा सरोकारबालाहरूको बालमैत्री आचार संहिता पालना गर्नुपर्ने ।
२. जनप्रतिनिधिको आचार संहिता नगरपालिकाबाट र अन्य सरकोकारबालाको आचार स.हिता सोर्हा पक्षको सहभागितामा छलफल गरी लागू गरिनेछ ।

२२.२ कार्यनीति :

१. बालमैत्री आचार संहिता तयार भएपछि टोल, विद्यालय र अन्य लक्षित समुदायमा छलफल गर्ने ।
२. बालमैत्री आचार संहिता कार्यान्वयन अवस्थाको अनुगमन गर्ने ।
३. सरोकारबालाहरूको वडा स्तरीय समन्वय सञ्जाल निर्माण गरी बालमैत्री कार्ययोजना कार्यान्वयन कार्य दलको रूपमा परिचालन गर्ने ।

**नीति नं २३ बालबालिकासँग सम्बन्धी एकीकृत योजना र कार्यक्रम तर्जुमा गर्ने।**

**२३.१ रणनीति :**

१. बालबालिकाको सवालहरूलाई समेटी एकिकृत नीति तथा कार्यक्रम तयारी गर्ने ।
२. वडा र नगरपालिकाले बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने र घोषणापछि त्यसलाई टिकाई राख्न रकम बिनियोजनका लागि पहल गर्ने ।
३. वडा र नगर सभाबाट बालमैत्री घोषणा गर्ने ।
४. एकल तथा संयुक्त अनुगमन गर्ने ।

**२३.२. कार्यनीति :**

१. वडा र नगरपालिकाको नीति तथा कार्यक्रममा बालबालिकाको योजना समावेस गर्ने ।
२. वडा र नपाले बालमैत्री स्थानीय शासन अवलम्बन र घोषणालाई टिकाई राख्न रकम बिनियोजन गर्ने ।
३. बालबालिकाको बस्तुगत विवरण अद्यावधिक गर्ने ।
४. बालबालिकाको स्थितिपत्र तयारी गरी प्रत्येक दुई वर्षमा अद्यावधिक गर्ने ।
५. बालबालिका रमाउने स्थल बाल उद्यानको स्थापना तथा व्यवस्था गर्ने ।
६. संयुक्त तथा एकल अनुगमन गर्ने ( वडा, नगरबाट पटक पटक)

